**November 12, 2024**

**आकाशवाणी**

**प्रमुख समाचार**

1. राष्ट्रपतिद्वारा नवनियुक्त प्रधानन्यायधीशका सम्मानमा रात्रिभोज आयोजित
2. भारतीय प्रधानमन्त्री र रूसका उपप्रधानमन्त्रीबीच भेटघाट
3. उपराष्ट्रपतिले उज्जैनमा अखिल भारतीय कालिदास समारोहको गर्नुभयो उद्घाटन
4. विदेशमन्त्रीले भारत-रूस अन्तरसरकारी आयोगको पच्चिसौँ सत्रलाई गर्नुभयो सम्बोधन
5. रक्षामन्त्रीद्वारा रक्षा संवाद उद्घाटन समारोहलाई सम्बोधन

**राष्ट्रपति-सीजेआई रात्रिभोज**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज देशका नवनियुक्त प्रधानन्यायाधीश न्यायमूर्ति संजीव खन्नाका सम्मानमा रात्रिभोजको आयोजना गर्नुभयो। यस रात्रिभोजमा उपराष्ट्रपति श्री जगदीप धनखर, रक्षामन्त्री श्री राजनाथ सिंह, विदेशमन्त्री डा एस. जयशंकर, पूर्व मुख्य न्यायाधीश न्यायमूर्ती डी.वाई. चन्द्रचुड र सर्वोच्च अदालतका न्यायाधीश र उच्च अदालतका प्रधानन्यायाधीशहरूको पनि उपस्थिति थियो।

**प्रधानमंत्री-रूस**

रुसका प्रथम उपप्रधानमन्त्री श्री डेनिस मान्तुरोभले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग भेट गर्नुभयो। वार्ताका क्रममा दुवै नेताबीच व्यापार तथा आर्थिक सम्बन्ध, ऊर्जा, कनेक्टिभिटीलगायत विभिन्न क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने विषयमा छलफल भएको छ। श्री मोदीले भारत-रूस विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्न दुवै पक्षले गरेका प्रयासहरूको प्रशंसा गर्नुभयो। यस अवसरमा श्री मोदीले राष्ट्रपति भ्लादिमिर पुटिनलाई शुभकामना दिनुभयो र उहाँसँग निरन्तर आदानप्रदानको आशा राखेको पनि बताउनुभयो।

**VICE PRESIDENT- MP**

उपराष्ट्रपति श्री जगदीप धनखरले आज मध्यप्रदेशको उज्जैनमा ६६औँ अखिल भारतीय कालिदास समारोहको उद्घाटन गर्नुभयो। कार्यक्रममा वर्ष २०२२-२०२३ का लागि कालिदास अलंकरण सम्मान प्रदान गरियो। चार विधामा कुल आठ विद्वानलाई सम्मान जनाइएको छ। यस अवसरमा बोल्दै उपराष्ट्रपतिले महाकवि कालिदासका कृतिमा मानवीय भावनाको अद्भुत संगम, मानिस र प्रकृतिबीचको अटूट सम्बन्ध र प्रेमको शुद्धता देखिएको बताउनुभयो। साथै, उहाँले आजको वातावरण संरक्षणको ज्वलन्त मुद्दालाई महाकविले आफ्ना ग्रन्थमा लेख्नुभएको पनि बताउनुभयो।

**Foreign Minister-Russia**

विदेशमन्त्री डा. एस जयशंकरले नयाँ दिल्लीमा भारत-रूस व्यापार तथा आर्थिक, वैज्ञानिक, प्राविधिक तथा सांस्कृतिक सहयोगसम्बन्धी अन्तरसरकारी आयोगको २५औँ सत्रलाई सम्बोधन गर्दै, दुई देशले सन् २०३० सम्मको समयसीमा अघि नै १०० अर्ब डलरको व्यापार लक्ष्य हासिल गर्ने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले रूस भारतका लागि मलको प्रमुख स्रोत बनेको अनि रूसबाट कच्चा तेल, कोइला र युरेनियमको आपूर्ति हुनु एकदमै महत्त्वपूर्ण छ भन्नुभयो। उहाँले भारतको औषधि उद्योग रूसका लागि लाभदायी र भरपर्दो स्रोतका रूपमा उभिएको र व्यापारमा विशेष गरी भुक्तानी र रसदका सन्दर्भमा चुनौति रहेको बताउनुभयो। उहाँले भन्नुभयो, यस विषयमा उल्लेख्य प्रगति भए पनि केही काम गर्न बाँकी रहेको छ। भारत-रूस अन्तरराष्ट्रिय उत्तर-दक्षिण यातायात कोरिडोर, चेन्नई-भ्लादिभोस्तोक कोरिडोर र उत्तरी समुद्री मार्ग जस्ता कनेक्टिभिटीमा संयुक्त प्रयासहरू अगाडि बढाउनुपर्छ। दुवै पक्षले खाद्य, ऊर्जा र स्वास्थ्य सुरक्षाका लागि महत्त्वपूर्ण सहकार्यका विषयमा छलफल गर्नुपर्ने पनि उहाँले बताउनुभयो।

**Hardip Puri-Energy**

केन्द्रीय पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्री श्री हरदीप सिंह पुरीले ब्यङ्लोरमा 27 औँ ऊर्जा प्रविधि शिखर सम्मेलनको उद्घाटन गर्दै, जैविक इन्धनको मिश्रणले भारतलाई आयात खर्चमा ९१ हजार करोड रुपियाँ बचत गराउन सक्ने बताउनुभयो, जसबाट कृषि क्षेत्रलाई फाइदा पुग्नेछ। उहाँले भन्नुभयो, भारत जैविक इन्धन मिश्रणमा विश्वमा दोस्रो स्थानमा छ र अर्को वर्षसम्म 20 प्रतिशत जैव ईन्धन मिश्रण लक्ष्य हासिल गर्ने दिशामा अघि बढिरहेको छ। श्री पुरीले भारतीय प्रशोधनहरू हरित ऊर्जातर्फ अघि बढ्दै गर्दा देशले हरित हाइड्रोजन लक्ष्यमा प्रगति गरिरहेको र भारतको उर्जाको माग सन् २०४७ सम्म दुई दशमलव पाँच गुणाले बढ्ने अपेक्षा गरिएको बताउनुभयो। सेन्टर फर हाई टेक्नोलोजी र इन्डियन आयल कर्पोरेशन लिमिटेडका आयोजनामा सम्पन्न तीनदिने ऊर्जा प्रविधि सम्मेलनमा एक हजार दुई सय जना सहभागी रहेका थिए।

राजनाथ-दिल्ली वार्ता

रक्षामन्त्री श्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा दिल्ली रक्षा संवादको उद्घाटन समारोहलाई सम्बोधन गर्दै, बदलिँदो युद्ध परिस्थिति र सुरक्षा खतराहरूसँग प्रभावकारी रूपमा सामना गर्न अनुकूल रक्षा रणनीति हुनुपर्नेमा जोड दिनुभएको छ। उहाँले भन्नुभयो, अनुकूल रक्षा रणनीति विकल्प मात्र नभएर आवश्यकता पनि हो। रक्षामन्त्रीले यस सम्बन्धमा देशको दृष्टिकोण लचिलो, नवप्रवर्तन र परिवर्तनशीलतामा आधारित हुनुपर्ने र भविष्यका सबै आपतकालिन अवस्थाका लागि राष्ट्र तयार हुनुपर्ने बताउनुभयो।

झारखण्ड चुनाव

झारखण्डमा भोलि हुने पहिलो चरणको विधानसभा चुनावका लागि व्यापक तयारी गरिएको छ। यस चरणमा भोलि ४३ निर्वाचन क्षेत्रमा मतदान हुँदैछ। दोस्रो चरणमा यस महिनाको २० तारिख ३८ सिटका लागि मतदान हुँदैछ। मतगणना नोभेम्बर २३ मा हुनेछ। झारखण्डका मुख्य निर्वाचन अधिकारी श्री के. रवि कुमारले विधानसभा चुनावको घोषणा भएदेखि राज्यका विभिन्न भागबाट 179 करोड रुपियाँभन्दा बढीको अवैध सामग्री र नगद जफत गरिएको बताउनुभयो। उहाँले नमुना आचारसंहिता उल्लङ्घन गरेकामा ५४ वटा प्राथमिकी दर्ता भएको पनि जानकारी दिनुभयो।

असम-उपचुनाव

आसामको पाँचवटा विधानसभा सिटमा भोलि हुने उपचुनावको सम्पूर्ण तयारी पूरा भएको छ। राज्यका ९ लाखभन्दा बढी मतदाताले ३४ उम्मेदवारको राजनीतिक भाग्यको फैसला गर्नेछन् जसका लागि १ हजार ७८८ मतदान केन्द्रहरू स्थापना गरिएको छ। मतदान शान्तिपूर्ण बनाउन पर्याप्त सुरक्षाकर्मी परिचालन गरिएको छ। सबै सिटमा सत्तारुढ भारतीय जनता पार्टी, असम गण परिषद्, युनाइटेड पिपुल्स पार्टी लिबरल एलायन्स र कांग्रेसबीच कडा प्रतिस्पर्धा हुने हाम्रो संवाददाताले जानकारी दिएका छन्। आम आदमी पार्टीले दुई सिटमा र बोडोल्याण्डले एक सिटमा उम्मेदवार उठाएको छ। भाजपाका वरिष्ठ नेता तथा मुख्यमन्त्री श्री हिमन्त विश्व शर्मा, केन्द्रीय मन्त्री सर्वानन्द सोनोवाल, असम गण परिषदका अध्यक्ष अतुल बोरा, कांग्रेस सांसद गौरव गोगोई र रकीबुल हुसैनले उपनिर्वाचनका लागि आफ्ना उम्मेदवारहरूका लागि प्रचार गरेका छन्।

पश्चिम बंगाल-उपचुनाव

पश्चिम बङ्गालको ६ वटा विधानसभा सिटमा हुने उपचुनावको प्रचार आज साँझ सकिएको छ। बुधबार उत्तर 24 परगना जिल्लाको हरोआ, नैहाटी सीट, पश्चिम मेदिनीपुर जिल्लाको मेदिनीपुर, अलीपुरद्वार जिल्लाको मदारीहाट, कूचबिहार जिल्लाको सिताई र बाँकुरा जिल्लाको तालडांगरा सीटहरूमा मतदान हुनेछ। यस उपचुनावमा यी १५ लाख बढी मतदाताले

४२ उम्मेदवारको राजनीतिक भाग्यको फैसला गर्नेछन् । निर्वाचन आयोगले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउनका लागि हरसम्भव कदम चालेको छ। राज्य पुलिससँगै केन्द्रीय अर्धसैनिक बल पनि तैनाथ गरिने छ।

## जयशंकर प्रवासी भारतीय दिवस

परराष्ट्रमन्त्री डा एस. जयशंकरले आज नयाँ दिल्लीमा प्रवासी भारतीय दिवस, २०२५ वेबसाइटको शुभारम्भ गर्नुहुनेछ। प्रवासी भारतीय दिवस भुवनेश्वर, ओडिशामा अर्को वर्ष 8 देखि 10 जनवरी सम्म मनाइनेछ। यो दिन ९ जनवरीमा मनाइन्छ, किनकि यसै दिन १९१५ मा महात्मा गान्धी दक्षिण अफ्रिकाबाट भारत फर्कनुभएको थियो। यो दिन भारतका विकासमा विदेशी भारतीय समुदायको योगदानको प्रतीक हो।

## लोक सेवा दिवस

आज लोक सेवा प्रसारण दिवस मनाइयो। हरेक वर्ष, यो दिन 1947 मा दिल्लीको आकाशवाणी स्टुडियोमा राष्ट्रपिता महात्मा गान्धीको गम्भीर भ्रमणका सम्झनामा मनाइन्छ। महात्मा गान्धीले देशको विभाजनपछि हरियाणाको कुरुक्षेत्रमा अस्थायी रूपमा बसोबास गरेका विस्थापितहरूलाई सम्बोधन गर्नुभएको थियो। यस अवसरमा आज आकाशवाणी दिल्ली परिसरमा विशेष कार्यक्रमको आयोजना गरिएको छ।

## एटीपी टेनिस फाइनल

टेनिसमा, रोहन बोपन्ना र म्याथ्यू एब्डेनको जोडी एटीपी फाइनल 2024 को आफ्नो पहिलो खेल जित्न असफल भएको छ। सिमोन बोलेली र एन्ड्रिया भाभासोरीको इटालियन जोडीले समूह चरणमा भारतीय-अष्ट्रेलियाको यस जोडीलाई सोझो सेटमा पराजित गऱ्यो।  समूह चरणको दोस्रो खेलमा बोपन्ना र एब्डेनले शीर्ष वरियताका एल साल्भाडोरका मार्सेलो एरेभालो र क्रोएसियाका मेट पाभिकको सामना गर्नेछन्। समूहको अन्तिम खेलमा बोपन्ना र एब्डेनले जर्मन जोडी केभिन क्रभिज र टिम पुट्जसँग खेल्नेछन्। सबै खेलाडी वा टोलीहरूले आफ्नो समूहमा रहेका अन्य सबै खेलाडी वा टोलीहरू विरुद्ध प्रतिस्पर्धा गर्नेछन्। समूह चरणपछि, प्रत्येक समूहबाट शीर्ष दुई खेलाडी वा टोली सेमिफाइनलमा पुग्नेछन्।

प्रमुख समाचार पुनः एकपटक

1. राष्ट्रपतिद्वारा नवनियुक्त प्रधानन्यायधीशका सम्मानमा रात्रिभोज आयोजित
2. भारतीय प्रधानमन्त्री र रुसका उपप्रधानमन्त्रीबीच भेटघाट
3. उपराष्ट्रपतिले उज्जैनमा अखिल भारतीय कालिदास समारोहको गर्नुभयो उद्घाटन
4. विदेशमन्त्रीले भारत-रूस अन्तरसरकारी आयोगको पच्चिसौँ सत्रलाई गर्नुभयो सम्बोधन

## 5. रक्षामन्त्रीद्वारा रक्षा संवाद उद्घाटन समारोहलाई सम्बोधन